नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाइ, संखुवासभा
कार्यक्षेत्र: संखुवासभा/भोजपुर

Email-pmamp.piu.sankhuwasabha123@gmail.com
pmamp.piu.bhojpur@gmail.com

पत्र संख्या: २०८३/०८४
सूचना नम्बर: ...२......

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०४/२५**

आ.व. २०८३/०८४ मा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, संखुवासभा अन्तर्गत निम्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने भएकोले यस कार्यालयमा सूचीकृत भएका वा सूचीकृत हुन चाहने इच्छुक कृषि समूह/सहकारी/जल उपभोक्ता समिति/उद्योग/कम्पनी/फर्महरूले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात मिति २०८३/०५/२४ गते भित्र कार्यक्रम कार्यान्वयन एकाइ, संखुवासभा, जोन प्राविधिक एकाइ, भोजपुर, जोन सम्पर्क एकाइ, मादी र जोन सम्पर्क एकाइ, दिङलामा तोकिएको ढाँचा (परियोजना कार्यान्वयन म्यानुअल पहिलो संशोधन २०८१ र https://pmamp.gov.np/publications मा हेर्न र डाउनलोड गर्न सकिने) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

| क.स. | कार्यक्रमको नाम | एकाइ | लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कार्यक्रमको लागत साझेदारी | कैफियत |
|---|---|---|---|---|---|---|
| अलैंची सुपरजोन (संखुवासभा/भोजपुर) कार्यक्षेत्र<br>संखुवासभा- धर्मदेवी न.पा. १,२,३,५ र ६मादी न.पा. १,७,८ र ९, चैनपुर न.पा. १,२ र ४, पाँचखपन न.पा. १ र ९, खाँदवारी न.पा. ३,४ ११, सभापोखरी गा.पा. २ देखि ६, चिचिला गा.पा. १ देखि ५, मकालु गा.पा. १ देखि ६, सिलिचोङ गा.पा. १ देखि ५ र भोटखोला गा.पा. २ देखि ५<br>भोजपुर- भोजपुर न.पा. १,२,३,४,५,८,९,१० र ११ षडानन्द न.पा. ९,१० र १३, अरुण गा.पा. २, टेम्केमैयुङ गा.पा. १,२,३,४,५,७,८ र ९, रामप्रसादराई गा.पा. १,२,३,६ र ७, आमचोक गा.पा. १ देखि ४, साल्पासिलिछो गा.पा. २ देखि ६ | | | | | | |
| १ | सिँचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | १८ | ३६ | ५०-७५ प्रतिशत | |
| २ | सुधारिएको अलैंची भट्टी निर्माण कार्यक्रम | संख्या | २२ | २२.३४ | ५० प्रतिशत | |
| ३ | अलैंची प्राथमिक प्रशोधन (अलैंचीको थुङगाबाट अलैंची छोडाउने, धुने तथा ग्रेडर मेशिन) | संख्या | १ | ५ | ५०-७५ प्रतिशत | |
| ४ | अलैंची बालीको नर्सरी स्रोतकेन्द्र स्थापना तथा सुदृढीकरण | वटा | ६ | १.८९ | ५० प्रतिशत | |
| सुन्तला जोन संखुवासभाको कार्यक्षेत्र<br>धर्मदेवी न.पा. ४ देखि ६, मादी न.पा. ३,४,५,६ र ७, चैनपुर न.पा. ५,६,८,१० र ११, खाँदवारी न.पा. १,२,४,५,६,७,८,९,१० र ११, सभापोखरी गा.पा. १ र २ सिलिचोङ गा.पा. ३, ४ र ५, चिचिला गा.पा. १ देखि ५ | | | | | | |
| ५ | सिँचाई पूर्वाधार निर्माण कार्यक्रम | संख्या | ७ | १४ | ५०-७५ प्रतिशत | |
| ६ | सुन्तलाको क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | ८ | ८ | ५० प्रतिशत | |
| ७ | सुन्तला/अलैंचीको लागि आवश्यक कृषिजन्य सामाग्रि सहयोग कार्यक्रम | संख्या | ५ | ६.३ | ५० प्रतिशत | |
| सुन्तला जोन भोजपुरको कार्यक्षेत्र<br>भोजपुर न.पा. ३ र ४, टेम्केमैयुङ गा.पा. २,३,५,७ र ८, षडानन्द न.पा. १,२,३,४,५,६,७,८,१०,११,१२,१३ र १४, रामप्रसादराई गा.पा. ५ र ६, साल्पासिलिछो गा.पा. २,३,४ र ६ | | | | | | |

"स्वदेशी उत्पादनमा लगानी,
आत्मनिर्भर कृषिको थालनी"

"Invest in Domestic Production
Path to Self-Sufficiency"

कृषिको आधुनिकीकरण, विशिष्टिकरण र औद्योगिकीकरण"

पत्र संख्या: २०८३/०८४

सूचना नम्बर: ............


Email-pmamp.piu.sankhuwasabha123@gmail.com
pmamp.piu.bhojpur@gmail.com


| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | सिंचाई पूर्वाधार निर्माण कार्यक्रम | संख्या | ८ | १६.५ | ५०-७५ प्रतिशत | |
| ९ | सुन्तलाको क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | १० | १० | ५० प्रतिशत | |
| १० | सुन्तला/अलैचीको लागि आवश्यक कृषिजन्य सामाग्रि सहयोग कार्यक्रम | संख्या | ६ | ८.४ | ५० प्रतिशत | |

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू:**

१. सम्बन्धित निकायमा कृषक समूह/सहकारी/संस्था/समिति र कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

२. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएकमा कम्तिमा ५ वर्षको र निर्माण पूर्वाधारका लागि १० वर्षको सम्झौतानामा ।

३. संस्थाको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि।

४. संस्थाको स्थायी लेखा नम्बर र गत आ.व. को कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि।

५. आवेदकको नागरिकता वा नेपाल सरकारद्वारा जारी फोटो सहितको परिचय खुल्ने कागजातको प्रतिलिपि ।

६. कार्यक्रम कार्यान्वयन एकाइबाट उपलब्ध गराइएको ढाँचामा लागत अनुमान सहितको कार्यक्रम प्रस्तावना।

पुनश्च: आवेदक जोन/सुपरजोन संग सम्वन्धित बालीको उत्पादन प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यमा व्यावसायिक रुपमा संलग्न रहेको हुनुपर्नेछ। आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात र प्रक्रिया नपुगेको खण्डमा उक्त संस्थाहरूलाई जोन/सुपरजोनमा आवद्धता दिनका लागि यस कार्यालय बाध्य हुनेछैन।

**नोट:**

- गत आर्थिक वर्षमा कार्यक्रम सञ्चालन गर्दा सहभागी नभएका व्यावसायिक संस्थाहरूलाई प्राथमिकता दिइनेछ।
- गत आर्थिक वर्षको कार्यक्रममा अनुदानमा प्राप्त संस्थालाई सोही कार्यक्रममा दोहोरिने गरी कार्यक्रम आवेदन लिइने छैन। साथै संस्थाहरूको हकमा गत आर्थिक वर्षको कार्यक्रममा अनुदान पाएका सदस्यहरू नदोहोरिने र प्राथमिकता क्रममा रहेका लाभग्राहीको सुनिश्चितताको लागि नामावली सहितको बैठकको निर्णय संलग्न गर्नुपर्नेछ।
- निवेदकले समान प्रकृतिको कामको लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी, गैह सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि माग गरेको वा प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यक्रम कार्यान्वयन एकाइलाई जानकारी गराउनु। बदनियत पूर्ण रुपमा अन्य कुनै निकायबाट समान प्रकृतिको कामका लागि एउटै आ.व.मा अनुदान लिएको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही र सरकारी बाँकी सरह असुल उपर गरेमा कुनै उजुर बाजुर गर्ने छैन भनी स्व-घोषणा गर्नुपर्नेछ ।

**थप जानकारीको लागि**


सम्पर्क नं. ०२९५६२८५५(संखुवासभा), ०२९४२००४९(भोजपुर)

यसोदा न्यौपाने ९८६३००८५२३ (संखुवासभा) नविन कुमार डाँगी ९८५२०५८०७९ (संखुवासभा) समिर श्रेष्ठ ९८५२०६५६११(संखुवासभा)

जुनिता राई ९८५२०७७३७६(भोजपुर) बलशेर राई ९८६२१४३६८८(दिङ्ला) कुशुम राई ९८६२०६८५०१ (मादी)

Email- pmamp.piu.sankhuwasabha123@gmail.com

Website- www.pmampsankhuwasabha.gov.np


प्रस्ताव फारमको ढाँचा (अनुसूचि १० बमोजिम) माथि उल्लेखित कार्यालयको Website बाट Download गर्न सकिनेछ।

कार्यालय प्रमुख